National News

ALL INDIA RADIO GANGTOK

*आकाशवाणी*

BROADCAST: 19:25 hrs                    Date: 26.04.2025

---

*प्रमुख समाचार-*

*सूचना- प्रसारण मन्त्रालयले सबै मीडिया चैनलहरूका लागि परामर्श जारी गर्दै, राष्ट्रीय सुरक्षाको हितमा आतंकवादी रोधी अभियानहरू र सुरक्षा बलका गतिविधिहरूको लाइभ कभरेज गर्ने सल्लाह दिएको छ ।*

*सरकारले विमान कम्पनीहरूलाई हवाई क्षेत्र नियमहरूको अनुपालन सुनिश्चित गर्न यात्रीहरूका लागि सुविधाजनक सुनिश्चित लागू गर्ने निर्देश दिएकोछ ।*

*पहलगाममा एक नेपाली नागरिक लगायत निर्दोष पर्यटकहरू माथि भएको आतंकी हमलाको विरोधमा नेपालमा कैयन विरोध प्रदर्शनहरू भएका छन् ।*

*प्रधानमन्त्री नरेन्द्र मोदीले आज विभिन्न सरकारी विभाग र संगठनहरूमा नवनियुक्त 51 हजार भन्दा बढ़ि युवाहरूलाई रोजगार नियुक्ति पत्र वितरण गर्नुभयो ।*

*प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि बिहान 11 बजे आकाशवाणीबाट मन की बात कार्यक्रम मार्फत आफ्ना विचारहरू साझा गर्नुहुनेछ ।*

IPL *क्रिकेटमा, कोलकाताको* eden gardens *मा* Kolkata knight riders *र* Punjab kings *बीच भीड़न्त हुँदैछ ।*

---

*सूचना प्रसारण मन्त्रालय*

सूचना प्रसारण मन्त्रालयले सबै मीडिया चैनलहरूका लागि परामर्श जारी गरेकोछ ।

चैनलहरूलाई, राष्ट्रीय सुरक्षाको हितमा आतंकवाद रोधी अभियानहरू र सुरक्षाबलका गतिविधिहरूको लाइभ- कभरेजबाट टाढ़ा रहने सल्लाह दिइएकोछ । मन्त्रालयले मीडियासित रक्षा अभियानहरू अथवा गतिविधिहरूसित संबधित स्रोत- आधारित सूचनाबारे रिपोर्टिंग गर्न देखि पनि टाढ़ा रहन भनेकोछ ।

मन्त्रालयले भनेकोछ, समय भन्दा पहिले नै सम्वेदनशील सूचना खुलस्त पार्नु देश विरोधी तत्वहरूका लागि सहायक हुन सक्छ र अभियानहरूको प्रभाव तथा सुरक्षाकर्मीहरूको सुरक्षालाई खतरामा पार्नुसक्छ।

करगिल युद्ध, मुंबई आतंकी हमला तथा कन्धार अपहरण जस्ता घटनाहरूको बेला, अनियंत्रित कभरेजले राष्ट्रीय हितहरूलाई अनजानमा नै प्रतिकूल दगने प्रभावित गरेको थियो।

---

*सरकार- एयरलाईन्स*

सरकारले विमान कम्पनीहरूलाई, हवाई क्षेत्र प्रतिबन्धहरूका बीच, यात्री सुरक्षा र नियमहरूको अनुपालन सुनिश्चित गर्न यात्रीहरूका लागि सुविधाजनक उपायहरूलाई लागू गर्ने निर्देश दिएकोछ । नागर विमानन मन्त्रालयले भनेकोछ, हालैमा केही अंतरराष्ट्रीय हबाई क्षेत्रहरू बन्द भएको र उड़ानहरू माथि प्रतिवन्ध लागेकोले गर्दा कैयन विमानहरूको मार्ग परिवर्तन गरेकोछ जसका कारण उड़ान अवधि को संभावना बढ़ेकोछ।

मंत्रालयले विमान कंपनीहरूसित यात्रीहरूलाई मार्ग परिवर्तन विस्तारित यात्रा समय र यात्रीको अवधिमा कुनैपनि प्राविधिक रोकबारे सूचित गर्न भनेकोछ । चेक इन बोर्डिंग र डिजीटल अलर्टको माहयमबाट यी सूचनाहरू दिइनपर्ने भनिएकोछ।

---

*काठमांडौ- प्रदर्शन*

पहलगाममा एक नेपाली नागरिक लगायत निर्दोष पर्यकहरू माथि भएको आतंकी हमलाको विरोधमा नेपालमा कैयन विरोध प्रदर्शनहरू भएकाछन् । राष्ट्रीय प्रजातन्त्र पार्टीले पाकिस्तान समर्थित आतंकवादको निन्दा गर्दै बैनर लिएर मार्च निकालेकोछ। कैयन अन्य संगठनहरूले पनि राजधानी काठमांडौमा स्थित पाकिस्तान दूतावासमा प्रदर्शन गरयो।

---

*भारत- पैवेलियन- वेव्स*

विश्व audio visual तथा मनोरन्जन शिखर सम्मेलन- वेव्स 2025 को आयोजन एक देखि चार मईमा, मुम्बईमा गरिनेछ।

एक देखि चार मईमा, मुम्बईमा गरिनेछ।

शिखर सम्मेलनको बेला भारत पैवेलियनको उद्घाटन गरिनेछ जसमा देशको विकासत तथा वैश्विक मीडिया तथा मनोरंजन परिदृश्यको बढ़दो प्रभावको प्रदर्शन हुनेछ।

कला देखि कोड विषयमा आधारित यस पैवेलियनमा भारतको वसुधैव कुटुम्बकम विश्व एक परिवार हो को भावना प्रदर्शनि गरिनेछ।

---

*विदेश मन्त्रालय- कैलाश मानसरोवर यात्रा*

विदेश मन्त्रालयले यो वर्ष जून देखि अगस्त सम्म कैलाश मानसरोवर यात्राको आयोजन गर्नेछ। मंत्रालयले भनेकोछ, श्रद्धालुहरूको टोलीले उत्तराखण्डको लिपुलेख र सिक्किमको नाथूला पासलाई पार गर्दै यो यात्रा गर्नेछ । मन्त्रालयको वेबसाईट Kmy.gov.in मा यात्राका लागि आवेदन गर्न सकिनेछ।

---

*विद्युत मन्त्री- गान्तोक*

विद्युत मन्त्री मनोहर लालले आश्वस्त पार्दै के भन्नुभएकोछ भने उहाँको मन्त्रालय, संपूर्ण देशको बिजुलीको माग पूरा गर्नका लागि प्रतिबद्धछ । बिजुलीको बढ़ि उत्पादनले बढ़ि रोजगार सुनिश्चित गर्नेछ, उहाँले भन्नुभयो । विद्युत मन्त्रीले आज गान्तोकमा पूर्वोत्तर क्षेत्रका ऊर्जा गान्तोकमा पूर्वोत्तर क्षेत्रका ऊर्जा मन्त्रीहरूको क्षेत्रीय सम्मेलनमा शामेल भए पछी मीडियालाई सम्बोधित गर्दै यसो भन्नुभएको हो । उहाँले भन्नुभयो, बिजुली उत्पादन, संचारण र वितरणसित संबधित मुद्दाहरूको चर्चा यस बैठकमा गरियो । सम्मेलनमा, सिक्किममा मुख्यमन्त्री प्रेम सिंह तामाङ र पूर्वोत्तर राज्यहरूका विद्युत मन्त्रीहरूले भाग लिनुभयो ।

---

*जम्मू- कश्मीर एलजी*

जम्मू कश्मीरका उप राज्यपाल मनोज सिन्हाले अधिकारीहरूलाई गृह मन्त्रालयद्वारा अधिसूचित समय सीमा बमोजिम पाकिस्तानी नागरिकहरूको फिर्ती सुनिश्चित गर्नका लागि उचित र आवश्यक कार्रवाई गरिने निर्देश दिनुभएकोछ ।

केन्द्र शासित प्रदेशका सबै उपायुक्तहरू अनि वरिष्ठ पुलिस अधीक्षकहरूको बैठकको अध्यक्षता गर्दै उपराज्यपालले अधिकारीहरूसित पछिल्लो बैठकमा छलफल भए अनुसार सुरक्षा उपाय र प्रक्रियाहरूलाई लागू गर्ने भन्नुभयो ।

---

*आई पी एल*

आई पी एल क्रिकेटमा आज Kolkata knight- riders को सामना, Punjab kings सित हुँदैछ । कोलकाताको Eden Gardens Stadium मा मैच भईरहेकोछ ।

---

*मन की बात*

प्रधानमन्त्री नरेन्द्र मोदी भोलि बिहान एघार बजे आफना विचारहरू साझा गर्नुभहुनेछ । यस मासिक रेडियो कार्यक्रमको यो एक सय एक्काईसौं कढ़ी हुनेछ ।

आकाशवाणी र दूरदर्शनका समस्ट नेटर्वक आकाशवाणी समाचारको वेबसाईट र News On Mobile App मा कार्यक्रम सोझै प्रसारित गरिनेछ । आकाशवाणी समाचार दूरदर्शन समाचार प्रधानमन्त्री कार्यलय तथा सूचना प्रसारण मन्त्रालयका youtube चैनलहरूमा पनि यसको सोझो प्रसारण गरिनेछ । हिन्दी प्रसारणको लगत्तै पछी मन की बात कार्यक्रम क्षेत्रीय भाषाहरूमा पनि प्रसारित गरिनेछ ।

---

*प्रधानमन्त्री रोजगार मेला*

प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभएकोछ युवाले राष्ट्र निर्माणमा भाग लिदा राष्ट्रले तीव्र गतिका साथ विकास गर्छ र विश्वमा आफ्नो पहिचान पनि बनाउँछ । उहाँले भन्नुभयो, आज देशका युवाले आफ्नो मेहनत र नवाचारले विश्वलाई देशमा भएका संभावनाहरूबारे देखाई रहेकाछन् ।

प्रधानमन्त्रीले आज विभिन्न सरकारी विभागहरू र संगठनहरूमा नवनियुक्त 51 हजार भन्दा बढ़ि युवाहरूलाई रोजगार मेलामा, Video Conferencing मार्फत नियुक्ति पत्र वितरण गर्नुभयो ।

रोजगार सृजनलाई उच्च प्राथमिकता दिइने प्रधानमनत्रीको प्रतिबद्धता अनुरूप, पद्रहवो रोजगार मेला आज देशभरिमा 47 ठाउँहरूमा आयोजित गरियो ।

---

*<u>पोप फ्रांसिस- अंतिम संसकार</u>*

वैश्विक रोमन कैथलिक चर्चाका प्रमुख Pope Francis लाई आज रोमको सांता मारिया मैगीगोर वेसेलिकामा दफनाइयो ।

उहाँका अंतिम संस्कारमा विश्वका नेताहरू लगायत ढाई लाख भन्दा बढ़ि व्यक्तिहरू शामेल भए । लगभग दुई घण्टा सम्म जारी अनुष्ठामा कैयन अनुष्ठानहरू गरिए ।

पोप फ्रांसिस को निधन, 88 वर्षको आयुमा गत सोमवार भएको थियो ।

---

*<u>अन्त्यमा प्रमुख समाचार पुन एकपल्ट</u>*

*सूचना- प्रसारण मन्त्रालयले सबै मीडिया चैनलहरूका लागि परामर्श जारी गर्दै, राष्ट्रीय सुरक्षाको हितमा आतंकवादी रोधी अभियानहरू र सुरक्षा बलका गतिविधिहरूको लाइभ कभरेज गर्ने सल्लाह दिएको छ ।*

*सरकारले विमान कम्पनीहरूलाई हवाई क्षेत्र नियमहरूको अनुपालन सुनिश्चित गर्न यात्रीहरूका लागि सुविधाजनक सुनिश्चित लागू गर्ने निर्देश दिएकोछ ।*

*पहलगाममा एक नेपाली नागरिक लगायत निर्दोष पर्यटकहरू माथि भएको आतंकी हमलाको विरोधमा नेपालमा कैयन विरोध प्रदर्शनहरू भएका छन् ।*

*प्रधानमन्त्री नरेन्द्र मोदीले आज विभिन्न सरकारी विभाग र संगठनहरूमा नवनियुक्त 51 हजार भन्दा बढ़ि युवाहरूलाई रोजगार नियुक्ति पत्र वितरण गर्नुभयो ।*

*प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि बिहान 11 बजे आकाशवाणीबाट मन की बात कार्यक्रम मार्फत आफ्ना विचारहरू साझा गर्नुहुनेछ ।*

IPL *क्रिकेटमा, कोलकाताको* eden gardens *मा* Kolkata knight riders *र* Punjab kings *बीच भीड़न्त हुँदैछ ।*

---